# माडी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## थुमाकोडाँडा, कास्की

माडी गाउँपालिका

गण्डकी प्रदेश, नेपाल

**पत्र संख्या** : २०७९/०८०

**मिति** : २०८०/०३/२१

सूचना सूचना सूचना

भु –उपयोग ऐन २०७६ को दफा ४, को (उपदफा ८) तथा भु –उपयोग नियमावली
२०७९ को नियम ५ को (उपनियम ६ ) सग सम्बन्धित )

माडी गाउपालिका भित्रको भु –उपयोग क्षेत्र (कृषि , गैह्र कृषि लगाएत सवै ) वर्गिकरण अर्न्तगत दावी
विरोधका लागी कागजात पेश गर्ने सम्बन्धी अत्यन्त जरुरी सूचना

**सुचना प्रकाशन मिति २०८०।०३।२१ विहिवार**

भु– उपयोग ऐन २०७६ तथा नियमावली २०७९ मा भएको समग्र ब्यबस्था तथा भुमी ब्यबस्था सहकारी तथा गरिबी निवारण मन्त्रालयको च.न.१६४०,मिति २०७९।०२।२७ च.न.१६१ मिति २०७९।०४।३१ ,च.न.२०५८ मिति २०७९।०५।१९ र च.न.४६९ मिति २०७९।०८।११ को परिपत्र तथा सोही मन्त्रालयको ०७९।०८।११ को प्रेस नोट वाट प्राप्त भएको निर्देशन, जानकारी सहित भु उपयोग ऐन २०७६ को दफा ४ तथा भु –उपयोग नियमावली २०७९ को नियम ५,अनुसुचि १ मा भएको ब्यबस्था समेतको आधारमा भु उपयोग क्षेत्र तथा भुमी वर्गिकरण गर्ने कार्य, ऐनको दफा ६, दफा १९,र दफा २० को उपदफा ३ को (ग), र (घ) तथा नियमावलीको नियम ९, मा भएको ब्यबस्था अनुसार स्थानीय भु –उपयोग योजना निर्माणगर्ने कार्य सम्पन्नगर्न आवश्यक परामर्शदाताको समेत सहयोग लिई १२ वटै वडा समितिको वैठकको निर्णय सहित गाउकार्यपालिका तथा स्थानीय भु –उपयोग परिषदको वैठकको निर्णय अनुसार वडागत भु –उपयोग मापदण्ड सहित भु –उपयोग योजना स्विकृत पश्चात ऐनको दफा १८ अनुसार गठीत माडी गाउपालिका कास्कीको स्थानीय भु–उपयोग परिषद तथा ऐनको दफा २० अनुसार गठीत माडी गाउपालिका कास्कीको स्थानीय भु –उपयोग कार्यन्वयन समितिका विभिन्न मितिका वैठक सहित मिति २०८०।०३।१५ को गाउसभाको निर्णय अनुसार माडी गाउपालिकाको (१२ वटै वडा को ) भु उपयोग योजना सहित भुमी वर्गिकरण कार्य (कृषि ,गैह्र कृषि लगाएत सवै ) स्विकृत भई कार्यन्वयनको लागी अन्तिम चरणमा रहेको हुदा आफ्नो जग्गा रहेको वा वसीरहेको वडा कार्यलयमा गई आफ्नो जग्गाको किसिम ठिक छकिछैन एकिन गरी यदी ठिक छैन भने ३५ दिन भित्र (२०८०।०४।२५) दावी विरोध पेश गर्नुहुन सम्बन्धीत सवैको जानकारीको लागी अनुरोध छ । साथै निवेदन साथ पेश गर्नुपर्ने कागजात तपशिल बमोजिम रहेको व्यहोरा जानकारी गरिन्छ ।

तपशिल

१, जग्गाधनि प्रमाण पुर्जाको प्रर्तिलिपि ।

२, कित्ता नापीको नक्शामा आफ्नो कित्तामा संकेत जनाई प्रर्तिलिपि पेश गर्ने ।

३, नेपाली नागरिक्ताको प्रमाणपत्रको प्रतिलिपि ।

४, हाल कुनक्षेत्रमा परेको छ ,र कुन क्षेत्रमा संशोधन गर्न चाहानुहुन्छ ,सो व्यहोरा प्रश्ट हुने निवेदन ।

प्रमुख प्रशासकिय अधिकृत

नारायण प्रसाद अधिकारी
प्रमुख प्रशासकीय अधिकृत